जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७५ पृष्ठः ४ | २०८२ फाल्गुन १३ बुधबार (Wednesday 25 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## धैरै पटक घोषणा र प्रतिबद्धता सुनियो, कामगर्ने इमान्दार र भिजनभएका नेता चाहन्छन् लक्ष्मीनियाँका जनता



**आशिष विश्वकर्मा**

सिरहा, १२ फाल्गुन। सिरहा नगरपालिका २१ लक्ष्मीनियाँ मलियाटोलमा अवस्थिति जनता आधारभुत विद्यालय सामान्य वर्षामा पनि विद्यार्थी विहिन जस्तै हुन्छ। विद्यालय पुग्न मैनावत्ति खोलाको पूर्वी शाखा नाघेर जानुपर्ने भएकाले सामान्य वर्षामा पनि विद्यालय आईपुग्न कठिन हुनेगरेको हो। खोलाको पश्चिमी किनारमै रहेको ५ कक्षासम्म अध्यापन हुने यस विद्यालयमा २९१ जना विद्यार्थीको नामांकन छ। तर असार लागेपछि भने विद्यालय नबन्द जस्तै हुने गरेको स्थानीयहरु बताउँछन्।

खोला तर्ने पुल नभएकै कारण बेला-बेलामा विद्यालयको पठन-पाठन प्रभावित हुने गरेको विद्यालयका प्रधानाध्यापक मो. अजमत अलिले बताए। उनले भने, 'पानी पर्ने वित्तिकै विद्यालय अगाडी नै धेरै पानी जम्छ। विद्यार्थी पानी तर्न सक्दैन, कसरी विद्यालय आइपुग्छ? विद्यालय विद्यार्थी विहिन जस्तै हुन्छ।' विद्यार्थीमात्र हैन लक्ष्मीनियाँ मलियाटोलका करिव २५० भन्दा बढी घर परिवारलाई सामान्य पानीपर्दा पनि खेत- खलियान, हाटबजार, विद्यालय आउजाउ गर्न मुस्किल हुने गरेको छ। खोला तर्ने कुनै उपाय नभएकाले आफूहरु पानीमै हेलिएर हिड्नुपर्ने बाध्यता रहेको स्थानीय संजय कुमार गुप्ताले दुखेसो गरे।

उनले भने, 'सामान्य पानी पर्दापनि जम्ने भएकाले हामीले वर्षौंदेखि समस्या भोग्दै आएका छौं। पानीको उचित निकास नहुँदा जम्ने गरेकाले झन ठूलो समस्या हुने गरेको छ। पानी जमेकाले अहिले हिउँदको बेला पनि यहाँको बाटो हिलाम्य छ।' स्थानीयले आफ्नै पहल र लगानीमा बाँसको पुल बनाएर आउजाउ गरेपनि मसिना नानीहरुलाई विद्यालय आउन भने कठिनाई हुने गरेको स्थानीयको भनाई छ।

यो खोलामा पुल बनाउने आश्वासन र बाचाँ दिएर यस क्षेत्रबाट जितेका व्यक्तिहरु सांसद मन्त्री भए तर पनि हाम्रो समास्याको कुनै सुनवाई भएन। 'अघिल्ला निर्वाचनमा पनि यो पुल निर्माण गर्ने बाचा उम्मेद्वारहरुले गरे। हार्नेहरु त फर्केर आउँ आउनु नै भएन, जितेर गएका उम्मेदवारको पनि हामीले मुखदेख्न पाएनौं;'

-बाँकी तीन पेजमा

## प्रतिबन्धित लागुऔषध सहित दुईजना पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, १२ फाल्गुन। सिरहाको सीमावर्ती भगवानपुर गाउँपालिका-३ स्थित भित्री सडकखण्डबाट प्रहरीले प्रतिबन्धित लागुऔषधसहित दुईजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार ठाढीस्थित प्रहरी चौकी र सीमा सुरक्षा गुल्म हेड क्वार्टर इनर्वाबाट खटिएको संयुक्त प्रहरी गस्ती टोलीले सवारीसाधन चेकजाँच गर्ने क्रममा लहान नगरपालिका- १ बस्ने करिब २८ वर्षीय चन्दन चौधरी र वडा नं. ७ गणेशचोक बस्ने करिब ३३ वर्षीय लक्ष्मी साहलाई पक्राउ गरेको हो।

सीमावर्ती भारतीय बजारबाट प्रदेश २-०२-००५ प ३३०६ नम्बरको स्कुटर चढेर नेपालतर्फ आउँदै गरेका दुईजनालाई चेकजाँचको क्रममा प्रतिबन्धित लागुऔषध बरामद भएपछि आइतबार राति पक्राउ गरिएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार स्कुटरचालक रहेका साहको साथबाट दुई एमएलको २०-२० वटा डाइजिपाम तथा बुप्रेनर्फिन इन्जेक्सन, १६ वटा नाइट्राजिपाम ट्याब्लेट, दुई एमएलको १९ वटा प्रोमेथोजिन इन्जेक्सन, पाँच सय मिलिग्रामको एउटा मोनोसेफ, दुई एमएलको सुरिङ, ६० थान डिस्कोपाम र पाँच एमएलको एउटा स्टेरिलवाटर बरामद भएको छ। स्कुटर र लागुऔषधसहित पक्राउ परेका

-बाँकी तीन पेजमा

## एमाले परित्याग गरेका पूर्व सांसद जानकीदेवी राम नेपाली कम्यूनिष्ट पार्टीमा प्रवेश

सिरहा, १२ फागुन। नेकपा एमाले परित्याग गरेका गोलबजार नगरपालिका १ की जानकीदेवी राम नेपाली कम्यूनिष्ट पार्टी ( नेकपा) प्रवेश गरेका छन्। २०७४ मा नेकपा एमालेबाट सामानुपातिक सांसद वनेका रामलाई एक समारोह बिच पार्टीका केन्द्रिय सदस्य तथा सिरहा निर्वाचन क्षेत्र नम्बर ३ का उम्मेदवार विश्वनाथ साहले खादामाला लगाए स्वागत गरेका हुन्।



राम लामो समयदेखि नेकपा

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं।

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ।
- फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुर्‍याउनु सबै नागरिकको कर्तव्य हो।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ।

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं, सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सरकारले संदिग्ध अपराधी नभगाओस् !

विभिन्न स्रोतबाट प्रमाण जुटाएर नेपाल प्रहरीले भदौ २४ को विध्वंसमा संलग्न रहेको शङ्कामा पक्राउ गरेका संदिग्ध व्यक्तिहरूलाई सरकारी वकिलको कार्यालयले धमाधम छाड्न आदेश दिएको समाचार सार्वजनिक भएको छ। पूर्वप्रधान न्यायाधीश नै प्रधानमन्त्री भएका समयमा पनि महान्यायाधिवक्ता मातहतका सरकारी वकिलहरूले संदिग्ध अभियुक्तलाई अदालतबाहिरै उन्मुक्ति दिएको समाचार पत्याउन मुस्किल हुन्छ। साँच्चै नै त्यसै भएको हो भने यो सरकारमाथि कहिल्यै नमेटिने कलङ्क लाग्नेछ।

भदौ २३ र २४ का घटना इतिहासमा सधैँ भइरहने प्रकृतिका होइनन्। दुवै घटना अप्रिय र अवाञ्छित हुन्। भदौ २३ मा प्रदर्शनकारीमाथि त्यसरी गोली हानिनु हुँदैनथियो। यद्यपि, विध्वंस रोक्न आवश्यक भए बल प्रयोग गर्नु सुरक्षाकर्मीको कर्तव्य ने हो। तर, कर्तव्य पालनकै क्रममा पनि भदौ २३ मा आवश्यकताभन्दा बढी शक्ति प्रयोग भएको देखिएको थियो। त्यसैले घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको सिफारिस गर्न सरकारले न्यायिक छानबिन आयोग गठन गरेको छ। आयोगले आफूलाई दिइएको अवधिभित्र छानबिन सकेर प्रतिवेदन बुझाउन नसकेकै कारण अहिले भदौ २३ को घटनामा को दोषी हो भन्ने किटान हुन नभएको हो। ढिलोचाँडो न्यायिक छानबिन आयोगले प्रतिवेदन बुझाउने नै छ र दोषीमाथि कानुनबमोजिम उचित कारबाही हुनेछ भन्ने विश्वास गर्न सकिन्छ।

भदौ २४ मा भने जे भयो त्यो भदौ २३ को स्वाभाविक प्रतिक्रियामात्र थिएन। आवेगमा एकाएक त्यति ठूलो विध्वंसको योजना बनाउन र कार्यान्वयनसमेत गर्नु सम्भव हुने सक्तैन। भदौ २४ को विध्वंस दुर्नियोजित र षड्यन्त्रपूर्ण थियो भन्ने बुझ्न छानबिन आयोगको प्रतिवेदन पर्खनु पनि पर्दैन। त्यस विध्वंसका योजनाकारहरूको अनुहार छोपिए पनि कतिपय विध्वंसकारीका अनुहार देखिएको छ। त्यतिमात्र होइन विध्वंसकारी स्वयंले अपराध गरेको सकारेको पनि सामाजिक सञ्जालमा छ्यापछ्याप्ती देखिएको छ। अहिले तिनैलाई उन्मुक्ति दिइनु चिन्ताको विषय हो।

न्यायिक छानबिन आयोगले प्रतिवेदनसमेत बुझाइनसकेको अवस्थामा प्रहरीले संदिग्ध ठानेका व्यक्तिलाई मुद्दा नै नचलाई छाड्ने निर्णय न्यायिक मनबाट भएको मान्न मिल्दैन। न्यायिक पक्ष त छँदैछ महान्यायाधिवक्ताको कार्यालयको यस्तो रवैयाले प्रहरीको मनोबलसमेत कमजोर हुनेछ। राज्यका अङ्गहरूलाई कमजोर बनाएको अवगाल बोक्न प्रधानमन्त्री कार्की पक्कै तयार नहुनुपर्ने हो। महान्यायाधिवक्ताको कामकाज प्रधानमन्त्रीकै जिम्मेवारी मानिन्छ।

दण्डहीनतालाई प्रश्रय हुने र असामाजिक तत्त्व हौसिने यस्ता निर्णयहरू अहिलेको चुनावी सरकार त के कुनै पनि सरकारले गर्नु विधिको शासनको मर्ममा प्रहार हो। अहिले छाडिएका संदिग्ध व्यक्तिहरूलाई आउने सरकारले मुद्दा चलाउन सक्ने हुनाले पनि प्रहरीले तिनलाई निगरानीमा राखिरहनुपर्छ। नेपाली जनताले विधिको शासनको मर्मविपरीत दण्डहीनतालाई प्रश्रय दिने सरकार त पक्कै नरोज्लान् नि !

# नेताहरूको 'रिटर्न वेभ'ले कांग्रेसमा उत्साह, मधेशदेखि केन्द्रसम्म राजनीतिक माहौल फेरिँदै

**दिपेन्द्र अधिकारी**

काठमाडौं, १२ फाल्गुन। ६ फागुनमा कांग्रेस प्रवेश गर्दै गर्दा रास्वपा मधेश प्रदेशकी संस्थापक सभापति ममता शर्माले रास्वपामा दागैदाग भएकाहरूको बिगबिगी रहेकाले कांग्रेसमा प्रवेश गरेको बताइन्। जनकपुरधामको तिरुहुतियागाछीमा आयोजित कांग्रेसको प्रतिज्ञासभामा उनलाई पार्टी केन्द्रीय सभापति गगनकुमार थापाले कांग्रेसमा स्वागत गरेका थिए। 'रास्वपा पार्टीमा दागैदाग भएकाले टिकट पाएपछि आफूले गरेको योगदान खेर गएकाले मैले उक्त पार्टी परित्याग गरी जेन–जीको भावना बोक्ने र सुशासनको काममा जोड दिने पार्टी नेपाली कांग्रेसमा प्रवेश गरेकी हुँ,' उनले भनेकी थिइन्।

रास्वपालाई मधेश प्रदेशमा विस्तार गर्नुअघि उनी सीके राउत नेतृत्वको जनमत पार्टीमा सक्रिय थिइन्। वैकल्पिक राजनीतिबाट मूलधारका राजनीतिक पार्टीमा यात्रा गर्दै उनी पुरानो पार्टी कांग्रेसमा आइपुगेकी छन्। शर्माले अहिलेको गगन नेतृत्वको कांग्रेस नयाँ रास्वपा भएको तर वैकल्पिक भनिएका रास्वपा भने पुरानो कांग्रेसको शैलीमा गएको टिप्पणी गरेकी थिइन्। 'अहिले कांग्रेस गगन दाइको नेतृत्वमा बदलिएर नयाँ रास्वपाजस्तो बनेको छ। तर, आफूलाई वैकल्पिक भनिएका रास्वपाका नेताहरू दागैदाग भएका, आर्थिक चलखेलमा मुछिएका, मुद्दैमुद्दामा लागेका छन्। सब पुराना कांग्रेसजस्ता छन्,' उनले पूर्वपार्टीलाई आरोप लगाइन्। सभामा एक्लै कांग्रेस प्रवेश गरेकी शर्माले बारा र पर्सामा २ सय हाराहारीमा अन्य पार्टीका कार्यकर्तालाई कांग्रेस प्रवेश गराएकी छन्।

त्यस्तै, मधेशभरमा कांग्रेस रक्षात्मक अवस्थाबाट निस्किएर अहिले फिल्डमा माहौल बनाउने अवस्थामा पुगेको कांग्रेस मधेश प्रदेशका सभापति कृष्ण यादव बताउँछन्। 'उहाँ (ममता) रास्वपाको मधेश प्रदेशको संस्थापक नै हुनुहुन्थ्यो। उहाँ कांग्रेसमा आएपछि रास्वपा बाहिर कार्यक्रम गरेर हिँड्नै नसक्ने अवस्थामा पुग्यो। हामीचाहिँ चुनावको माहौल लिएर मैदानमा छौँ,' उनले भने । रास्वपा मकवानपुर सभापति भरत पराजुली नेपाली कांग्रेस प्रवेश गरे। उनी ११ फागुनमा कांग्रेस प्रवेश गर्न सार्लाही पुगेका थिए। उनले पार्टीभित्र देखिएका प्रवृत्तिलाई दोष दिएका छन् र सोही कारण आफू रास्वपा बस्न नसकेको जनाएका छन्।

पार्टीमा चारीवाद मौलाएको आलोचनालाई स्वीकार गर्ने काम नभएकोमा असन्तुष्टि जनाएका थिए। 'समयक्रममा पार्टीभित्र देखिएको प्रवृत्तिले मलाई गम्भीर रूपमा सोच्न बाध्य बनायो। हामीले जुन उद्देश्य, मूल्य र आदर्शका साथ पार्टीलाई बुझेका थियौँ, व्यवहारमा त्यसको ठीक विपरीत अवस्था विकसित हुँदै गएको महसुस भयो,' पराजुलीले भने, 'सीमित व्यक्तिहरूको प्रभाव, चाकरीवाद, आलोचनालाई अस्वीकार गर्ने संस्कार तथा आन्तरिक लोकतन्त्र कमजोर हुँदै गएको अवस्थाले निराश बनायो।'

मनहरी गाउँपालिका घर भएका पराजुली १५ महिनाअघि (६ मंसिर २०८१) भएको पार्टीको पहिलो जिल्ला भेलाबाट सर्वसम्मत रूपमा पुनः सभापति चयन भएका थिए। २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरको क्षेत्र नम्बर २ बाट उम्मेदवार बनेका उनी १२ हजार ३९ मतसहित तेस्रो भएका थिए। यस क्षेत्रबाट नेकपा एमालेका महेश बर्तौला ३४ हजार ९ सय १६ मत ल्याउँदै विजयी हुँदा तत्कालीन नेकपा (एकीकृत समाजवादी)का विरोध खतिवडाले ३० हजार ३ सय ९६ मत पाएका थिए।

मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती पराजुलीको प्रवेशले रास्वपामा देशव्यापी देखिएको हवीम मकवानपुरमा कम भएको बताउँछन्। 'देशभर रास्वपाका हवीम हाइहैँदा मकवानपुर सभापति नै कांग्रेस फर्किएपछि त्यसको प्रभाव परिहाल्छ। अहिले रास्वपाका कार्यकर्ता पनि कांग्रेस प्रवेश गर्ने तयारीमा हुनुहुन्छ। कुरा भइरहेको छ। कार्यकर्ताहरू पनि कांग्रेस फर्कने तयारी भइरहेको छ,' कालाखेतीले शिलापत्रसँग भने। रास्वपा प्रवेश गर्नुअघि पराजुली कांग्रेसको महासमिति सदस्य रहेका थिए।

गत १९ माघमा रास्वपा जुम्लाकी उपसभापति तारा शाही नेपाली कांग्रेसमा प्रवेश गरेकी थिइन्। चन्दननाथ नगरपालिका–५ की बासिन्दासमेत रहेकी शाहीलाई पार्टीमा कांग्रेस केन्द्रीय सदस्य रामदेवी खड्काले स्वागत गरेकी थिइन्। शाही कांग्रेस छोडेर रास्वपा गएर उपसभापति बनेकी थिइन् र विशेष महाधिवेशनबाट नेपाली कांग्रेसमा नयाँ नेतृत्व आएको अवस्थामा शाही कांग्रेस फर्किएकी हुन्।

महिला संघको जिल्ला सचिव रहेकी तारा कांग्रेसमा फर्किएपछि कांग्रेसको बिग्रँदो माहौललाई फर्काइएको चन्दनाथ नगरपालिका समिति सभापति रवि थापा बताउँछन्। 'जुम्लामा नयाँ भनिएकाहरूको प्रभाव कम नै छ। त्यसमा पनि बन्दै गएको माहौल बिगार्न र कांग्रेसको माहौललाई यथावत् राख्न ताराजीहरूजस्ता पुराना मान्छे फर्किएका छन्। यसले जिल्लामा कांग्रेसको माहौल बनाएको छ,' उनले शिलापत्रसँग भने।

रास्वपा काठमाडौंका नेता तथा रास्वपा सभापति रवि लामिछानेनिकटका डा. प्रणयशमशेर राणाले पार्टीमा बेथिति भित्रिएको भन्दै रास्वपा परित्याग गरेका थिए। 'सबै बेथितिका बावजुद मुकदर्शक भएर पार्टीमै रहिरहन मेरो विवेक र इमानले नमानेका कारण आजको मितिबाट राष्ट्रिय स्वतन्त्र पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा गरेको व्यहोरा जानकारी गराउँदछु,' उनले राजीनामापत्रमा भनेका थिए। ७ फागुनमा कांग्रेसमा फर्किएका उनलाई सभापति थापाले स्वागत गरेका थिए। कांग्रेको १४औँ महाधिवेशन प्रतिनिधि थिए राणा।

त्यस्तै, संस्थापक सदस्य तथा नेता खेमकुमारी भुर्तेल (उर्मिला)ले पार्टीको साधारण सदस्यबाट राजीनामा दिँदा पार्टीमा विधि र विधानविपरीतका क्रियाकलापले बढावा पाएको कुराको साक्षी बस्न नसक्ने बताएकी छिन्। उनले २०७९ सालको चुनावमा महोत्तरी ४ बाट रास्वपा उम्मेदवार थिइन्। अहिलेको चुनावमा भने उनी काठमाडौं– ५ बाट उम्मेदवार बन्ने आकांक्षा राखेकी थिइन्।

'म रास्वपाको संस्थापक सदस्य २०७९ सालको प्रत्यक्ष महिला ११ जना उम्मेदवारमध्ये मधेश प्रदेशको एक्लो महिला उम्मेदवार आजसम्म आफ्नो योग्यता, क्षमता, दक्षता र समय समर्पित गर्दै पार्टीप्रति निःस्वार्थ भावले निरन्तर योगदान पुर्‍याउँदै आएकी छु,' भुर्तेलले भनिन्, 'राजनीतिमा युवापुस्ता आउनुपर्छ र जान्नेलाई छान्ने भन्ने मूल नाराले प्रेरित भई म यस पार्टीमा आबद्ध भएकी थिएँ। तर, पार्टी विधि विधानविपरीत चाप्लुसीवाद र आर्थिकवादमा लिप्त भएर गएको, सक्षम महिला तथा युवाहरूलाई नारामा मात्र सीमित राखेको, जिम्मेवारी ग्रहण गर्नुपर्ने ठाउँमा बेवास्ता गरिएको, पार्टीभित्र भ्रष्टाचार बढेको र आसन्न २१ फागुनको निर्वाचन सम्बन्धित पार्टीले अवलम्बन गरेको पद्धति, पार्टीको निर्णय तथा कार्यशैली रास्वपाको स्थापनाकालीन मूल्य, पार्टी विधान र सार्वजनिक प्रतिबद्धताभन्दा ठीक विपरीत भएको अनुभव गरेकी छु।'


रास्वपा बागमतीका उपसभापति दिनेश हुमागाईंले पनि पार्टीको नीति, नेतृत्व र उम्मेदवार चयनमा प्रश्न उठाउँदै रास्वपा परित्याग गरेका छन्। उनले मोबाइल पसलमा काम गर्ने, गीत गाउने र अभियन्ता बनेका चटकेलाई स्वार्थमा उम्मेदवार बनाएको, चाकडी गर्ने, खुसी पार्ने, वरिपरि घुम्ने 'गणेश प्रवृत्ति'लाई प्रवेश दिएको, प्रत्यक्ष र समानुपातिक दुवै तर्फका उम्मेदवार चयनमा चरम चलखेल भएको आरोप लगाएका छन्। अपारदर्शी नेतृत्व, पार्टी संरचना सिद्धान्तभन्दा व्यक्तिकेन्द्रित भएको, सदस्यता र उम्मेदवार शुल्क उठाएर पारदर्शी हिसाब नदिएको, सभापति रवि लामिछानेमाथि सहकारी ठगी प्रकरण, प्रधानमन्त्रीमा प्रस्तावित बालेन शाहमाथि नागरिकता किर्तेको आरोपले नेतृत्वमा नैतिक प्रश्न उठेको विषय उठाउँदै उनले राजीनामा दिएका हुन्। हुमागाईंले २०७९ सालको निर्वाचनमा काभ्रे २ मा रास्वपाबाट १० हजार ५७३ मत ल्याएका थिए।

नेपाली राजनीतिमा कम्युनिस्ट पार्टीका विकल्प छन्। किनकि एकै प्रकृतिका कम्युनिस्ट पार्टीहरू धेरै छन्। मूलधारमा पनि एमालेको विकल्प नेपाली कम्युनिस्ट पार्टी छ। तर, कांग्रेसको विकल्पमा लोकतान्त्रिक धारका पार्टी थिए। एक समय विवेकशील साझा पार्टीलाई कांग्रेसको विकल्पको रूपमा हेरिन्थ्यो। सो पार्टी रास्वपामा विलय भयो। रास्वपाको उदयसँगै राजनीतिक संस्कारमा कांग्रेसको पृष्ठभूमिका स्वर्णिम वाग्ले र मनिस झाजस्ता नेताहरू रास्वपामा स्थापित भएपछि रास्वपालाई भाइ कांग्रेसको रूपमा हेरिएको थियो।

अहिले विशेष महाधिवेशन गरेर कांग्रेसले नेतृत्व परिवर्तन गरेको छ। कतिपय नेताहरू भने निःशर्त पुरानो पार्टीमा फर्किएका छन्। कांग्रेसका प्रवक्ता देवराज चालिसे कांग्रेसले व्यक्ति मात्र नभएर मन पनि फर्काउन खोजेको

–बाँकी तीन पेजमा





# सर्लाहीमा निर्वाचन खर्च पारदर्शितामा बेवास्ता




सर्लाही, १२ फाल्गुन। फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा सर्लाहीका उम्मेदवारहरू निर्वाचन खर्च व्यवस्थापनसम्बन्धी नियम पालना गर्न उदासीन देखिएका छन्। प्रचार प्रसारका लागि छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था भए पनि अधिकांश उम्मेदवारले हालसम्म खाता खोलेको विवरण बुझाएका छैनन्।

निर्वाचन आयोगको निर्देशन अनुसार निर्वाचन खर्च पारदर्शी बनाउन प्रत्येक उम्मेदवारले अलग बैंक खातामार्फत मात्र आम्दानी र

–बाँकी तीन पेजमा

# सप्तरीका आँपबारीमा आसाको मञ्जरी, मौसमले साथ दिँदा किसान उत्साहित



**अनिल पोखरेल**

राजविराज, १२ फाल्गुन। बिहानैको घाम लागनासाथ शम्भुनाथ नगरपालिका–२ का किसान रामलखन यादव आफ्नो आँपबारीमा पुग्छन्। रुखका हाँगा हाँगामा फुलेका मञ्जरी नियाल्दै उनी भन्छन्, "यस्तो फूल त धेरै वर्षपछि देख्न पाइयो, मौसमले साथ दियो भने यसपालि ऋण तिरिन्छ।" सप्तरीका अधिकांश गाउँमा यतिबेला यस्तै दृश्य देखिन्छ। पातभन्दा बढी फूलले ढाकिएका रुख, बगैँचाभरि फैलिएको मञ्जरीको सुवास र किसानको आँखामा पलाएको आशा—यी सबैले यस वर्ष राम्रो उत्पादनको संकेत दिएका छन्।

कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार जिल्लामा ८ हजार २ सय ५३ हेक्टर क्षेत्रफलमा आँप खेती गरिएको छ। अनुकूल मौसम कायम रहे करिब ७५ हजार मेट्रिक टन उत्पादन हुन सक्ने अनुमान छ। तर किसानका लागि यी तथ्यांकभन्दा महत्त्वपूर्ण कुरा भनेको बगैँचामा लागेको फूल सुरक्षित रहनु हो। रुपनीका किसान सीताराम मण्डल भन्छन्, "फूल त राम्रो लागेको छ, तर चैत्र–वैशाखको हावाहुरीले सबै बिगारिदिन्छ कि भन्ने डर छ।" गत वर्ष असिनाले ठूलो क्षति पुऱ्याएकाले यसपालि किसानहरू सतर्क छन्। मधुवाजस्ता रोग नियन्त्रण गर्न औषधि छर्कने काम पनि बढेको छ।

सप्तरीमा मालदह जातको आँप बढी लगाइन्छ। साथै कृष्णभोग, अम्रपाली, बम्बै र कलकतिया जातका बोट पनि प्रशस्तै छन्। उत्पादन भएपछि यी आँपहरू स्थानीय हाटबजार मात्र होइन, काठमाडौँ, पोखरा, विराटनगर र धरानसम्म पुग्ने गरेका छन्। महुलीका एक किसानका अनुसार अहिले नै व्यापारीहरू बगैँचा हेर्न आउन थालेका छन्। "फूल राम्रो देखेपछि ठेक्का दिन सजिलो हुन्छ," उनी भन्छन्, "बजार खोज्दै हिँड्नुभन्दा पहिले नै सम्झौता हुँदा ढुक्क हुन्छ।" सिँचाइ सुविधा सीमित र सुख्खा जमिनमा अन्य बाली राम्रो नफल्ने भएकाले यहाँका धेरै किसानले आँपलाई मुख्य आम्दानीको स्रोत बनाएका छन्। एकपटक राम्रो उत्पादन भए परिवारको खर्च, बालबालिकाको पढाइ र घरको सुधारसम्म सम्भव हुने उनीहरूको विश्वास छ।

मधेश प्रदेशमा करिब २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँप खेती हुने गरेको तथ्यांक छ, जसमा सप्तरी प्रमुख उत्पादन क्षेत्रमध्ये एक मानिन्छ। अहिले बगैँचामा फैलिएको मञ्जरीले किसानको मनमा मिठास थपेको छ। तर त्यो मिठास फलमा रूपान्तरण हुन अझै केही महिना कुर्नुपर्छ। मौसमले साथ दिए यस वर्ष सप्तरीका आँपबारीले किसानका अनुहारमा साँचो मुस्कान फुलाउने अपेक्षा गरिएको छ।

# प्रहरी मुख्यालयमा 'एआई सेल' स्थापना

काठमाडौँ, १२ फाल्गुन। डिजिटल प्रविधिको दुरुपयोगबाट सिर्जित चुनौतीलाई सामना गर्न नेपाल प्रहरीले छुट्टै 'एआई एन्ड एड्भान्स्ड एनालिटिक्स' (एआई सेल) स्थापना गरेको छ। सामाजिक सञ्जालमा पोस्ट हुने गलत सन्देश, सामग्रीको निगरानी व्यवस्थापन गर्ने उद्देश्यले एआई सेल स्थापना गरिएको प्रहरीले जनाएको छ। नक्सालमा रहेको प्रहरी प्रधान कार्यालयमा स्थापना भएको सेलको हिजो गृहमन्त्री ओमप्रकाश अर्यालले उद्घाटन गर्नुभयो। त्यस अवसरमा उहाँले एआई सेलले गर्ने काम र भावी कार्ययोजनाबारे जानकारी लिँदै विशेषगरी चुनावसम्बन्धी गलत, भ्रामक र मिथ्या सूचनाको नियमन गरी निर्वाचन आचारसंहिता कडाइका साथ लागू गर्न आग्रह गर्नुभयो।

मन्त्री अर्यालले एआई सेलले सामाजिक सञ्जालको माध्यमबाट हुने जुनसुकै अवाञ्छित गतिविधि नियन्त्रण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। डिजिटल युगमा छिटो सूचना प्रवाह गर्ने प्रतिस्पर्धाका कारण समाजमा नकारात्मक असर परिरहेकोतर्फ ध्यान दिँदै प्रहरीले 'मिसइन्फर्मेसन', नियोजित रूपमा फैलाइने 'डिस्इन्फर्मेसन', 'डिपफेक' र 'हेट स्पिच' जस्ता समस्या, एआईको दुरुपयोग र डिजिटल 'म्यानिपुलेसन'बाट सिर्जित झुटा सामग्रीहरू सबैको साझा चिन्ताको विषय बनेको जनाएको छ।

## सर्लाहीमा...

खर्च गर्नुपर्नेछ। तर सर्लाहीमा कायम १३१ जना उम्मेदवारमध्ये सोमबारसम्म १९ जनाले मात्र बैंक खाता खोलेको प्रमाण पेस गरेका छन्। जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलका अनुसार सर्लाहीमा २६ राजनीतिक दल र स्वतन्त्र गरी कुल १३१ जनाको उम्मेदवारी दर्ता छ। तीमध्ये ७६ जनाले बैंक खाता खोल्न सिफारिस लिइसकेका भए पनि अधिकांशले खाता खोलेर विवरण बुझाउन ढिलाइ गरिरहेका छन्।कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख पौडेलका अनुसार उम्मेदवारहरूलाई बैंक खाता खोल्न बारम्बार फोनमार्फत स्मरण गराइँदै आएको छ।

## धेरै पटक घोषणा ...

स्थानीय राजकिशोर यादवले भने।' यो बस्ती अहिले सिरहाको निर्वाचन क्षेत्र नम्बर ३ मा पर्छ। यहाँबाट लागातार दुई कार्यकाल २०७४ र २०७९ मा नेकपा एमालेका लिलानाथ श्रेष्ठ निर्वाचित भएका थिए। यहाँका नगर प्रमुख पनि एमालेकै नविन कुमार यादव छन्।

अहिले यहि फागुन २१ मा आकस्मिक हुन गईरहेको निर्वाचनको चटारो छ। उम्मेदवारहरु गाउँमा आएर पुनः आश्वासन, बाचा र भरोसाको पुलिन्दा फिलिरहेका छन्। तर, जनता विश्वस्त हुन सकिरहेका छैनन्। लक्ष्मीनियाँ मलियाटोलेका जनता बाचा, घोषणा र प्रतिबद्धता गर्ने नेताभन्दा पनि इमान्दार कार्यान्वयन गर्ने उम्मेदवारको खोजिमा छन्। यस निर्वाचनका लागि यस क्षेत्रबाट नेपाली काँग्रेसका शुभासचन्द्र यादव, नेपाली कम्यूनिष्ट पार्टी(नेकपा)बाट विश्वनाथ साह, नेकपा एमालेबाट लिलानाथ श्रेष्ठ, जनता समाजवादी बार्टी(जसपा)बाट अशेश्वर यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शम्भु कुमार यादव, उज्यालो नेपाल पार्टीका श्रवण पासवानसहित १२ वटा दलका र २९ जना स्वतन्त्रसहित ४१ जनाले उम्मेदवारी दिएका छन्।

## प्रतिबन्धित ...

दुवैजनालाई सोमबार सिराहा जिल्ला अदालतमा उपस्थित गराई म्याद लिएर थप अनुसन्धान भइरहेको उनले बताए।

**पछिल्लो महिनामा सात मुद्दा**

**दर्ता**

त्यसअघि प्रहरीले पछिल्लो साता लहान नगरपालिका– १० ग्रामीण चोकबाट प्रहरीले खैरो हिरोइनजस्तो पदार्थ बिक्री–वितरण गरिरहेको अवस्थामा एक युवतीसहित तीनजनालाई पक्राउ गरेको थियो। सिरहा प्रहरीका अनुसार पछिल्लो माघ महिनामा जिल्लाका विभिन्न ठाउँबाट प्रतिबन्धित लागुऔषधसहित पक्राउ गरिएका ११ जनाविरुद्ध सातवटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएका छन्। उक्त अवधिमा १९० मिलिग्राम ब्राउनसुगर, २१ ग्राम ४४१ मिलिग्राम हिरोइन, १० ट्याब्लेट नाइट्राजिपाम, दुई एमएलको दुई–दुई एम्पुल फेनार्गन, डाइजिपाम र बुप्रेनर्फिन बरामद भएको छ।

## एमाले परित्याग...

एमालेको राजनीतिमा सक्रिय रहँदै आएका थिए। उनीसहितका एमालेका नेता कार्यकर्ताले नेतृत्वको स्वेच्छाचारी प्रवृतिका कारण पार्टीमाबस्न नसकिने भन्दै १० दिनपहिला पार्टी परित्याग गरेका थिए। उनीसँगै एमाले पार्टी परित्याग गरेका अर्का सांसद सम्झना थपलिया भने दुई दिनअघि राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका थिए। उनी २०७९ को निर्वाचनमा सामानुपातिक तर्फबाट सांसद भएका थिए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# किसानका अपेक्षा कार्यान्वयनमुखी कृषि नीति र कार्यक्रम

**रवीन्द्र उप्रेती**

बर्दीबास, १२ फाल्गुन। प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति नजिकिँदै गर्दा घरदैलो अभियानमा व्यस्त उम्मेदवारले विभिन्न आश्वासन बाँडिरहेका छन् तर कृषकको जीवनस्तर उकास्ने ठोस नीति तथा कार्यक्रमलाई चुनावी मुद्दा नबनाइएको भन्दै यहाँका किसानले निराशा व्यक्त गरेका छन्। महोत्तरीका किसान आश्वासनभन्दा कार्यान्वयनमुखी कृषि नीति र कार्यक्रमको पर्खाइमा रहेको बताउँछन्।

बर्दीबास–१०, खयरमाराका गोलभेँडा कृषक लक्ष्मण श्रेष्ठले प्रश्न गर्नुभयो "के आश्वासनको वर्षाले खेतमा सिँचाइ पुग्छ ?" नेपाल उखु उत्पादक महासंघका केन्द्रीय सदस्य महाशङ्कर थिङका अनुसार निर्वाचनका बेला राजनीतिक दलले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाए पनि उन्नत बिउ, उत्पादनको उचित मूल्य, सहज बजार र आधुनिक प्रविधिबारे ठोस नीतिको अभाव देखिन्छ। उहाँले भन्नुभयो, "यो निर्वाचनमा हामी कृषि क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा व्यवहार गर्ने सक्षम उम्मेदवारको खोजीमा छौँ।" कृषि लागत बढ्दै जाँदा पनि उत्पादनको समर्थन मूल्य समयमै नतोकिने, उखु अनुदान कटौती हुँदासमेत सरकारलाई दबाब दिन नसक्ने नेताको प्रवृत्तिले समस्या यथावत् रहेको उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाको आरोप छ।



कृषि ज्ञान केन्द्रका अनुसार सात लाखभन्दा बढी जनसंख्या रहेको महोत्तरीमा ६५ प्रतिशतभन्दा बढी जनता कृषि पेसामा आधारित छन्। उखु, तरकारी, धान, गहुँ, मकै, आँप र माछा यहाँका प्रमुख उत्पादन हुन्। आसन्न प्रतिनिधि सभा निर्वाचनका लागि महोत्तरीका चार निर्वाचन क्षेत्रबाट दलीय र स्वतन्त्र गरी १९ महिलासहित १२४ उम्मेदवार चुनावी मैदानमा छन्। विशेष गरी कृषि क्षेत्रको सबैभन्दा बढी भूभाग ओगटेको निर्वाचन क्षेत्र नं. १ मा पाँच महिलासहित २७ उम्मेदवार प्रतिस्पर्धामा छन्। कृषि ज्ञान केन्द्र प्रमुख देवानन्द रायका अनुसार क्षेत्र नं. १ उखु, गोलभेँडा, परबल र बासमती धानको पकेट क्षेत्र हो। यहाँ उत्पादित उखुले रामनगर चिनी मिल धानेको छ भने खयरमाराको गोलभेँडा र गौशाला र औरहीको बासमती चामल काठमाडौँलगायत पहाडी जिल्लामा समेत लोकप्रिय छ। त्यस्तै यही क्षेत्रको परबल भारतको सीतामढी र उत्तरी बिहारसम्म निर्यात हुँदै आएको छ।

तर यी बालीलाई केन्द्रमा राखेर ठोस कार्यक्रम ल्याउन नसकिएको किसानको आरोप छ। निर्वाचनमा प्रतिस्पर्धा गरिरहेका प्रमुख दलका उम्मेदवारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको दाबी गरेका छन्। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवार गिरिराजमणी पोखरेलले विषादीरहित कृषि प्रणालीलाई प्रोत्साहन गर्ने बताउनुभएको छ भने नेपाल कम्युनिस्ट पार्टी नेकपा (एमाले) का लक्ष्मी महतो कोइरी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रत्याशी प्रमोद महतोले सिँचाइमा डिप बोरिङलाई प्राथमिकतामा राखेको बताउनुभएको छ। त्यस्तै नेपाली कांग्रेस उम्मेदवार मुकेश काफ्लेले ग्रामीण अर्थतन्त्रको मेरुदण्ड मानिएको कृषि उत्पादनको उचित मूल्य र उत्पादकत्व वृद्धिका लागि कृषि नीति परिमार्जन आफ्नो प्राथमिकतामा रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "किसानले उत्पादनको समुचित मूल्य पाउनै पर्छ। साथै उत्पादकत्व वृद्धिका लागि ठोस नीति नल्याएसम्म कृषि क्षेत्रको अपेक्षित विकास सम्भव छैन।" कृषि ज्ञान केन्द्रका अनुसार पनि महोत्तरीमा उखुको प्रतिहेक्टर उत्पादन ३५ मेट्रिक टन र गोलभेँडाको १५ मेट्रिक टन मात्र छ। जबकि सीमावर्ती भारतको विहार राज्यमा उखुको उत्पादन ६० मेट्रिक टन र गोलभेँडाको २५ मेट्रिक टन प्रतिहेक्टर रहेको छ। संघका अध्यक्ष कुशवाहाले उन्नत बिउसमेत उत्पादन गर्न नसकेको मुलुकमा भारतजस्तै उत्पादकत्व वृद्धि गर्ने कुरा चुनौतीपूर्ण रहेको टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, "उत्पादन वृद्धि हरेक किसानको सपना हो तर उखुको उन्नत बिउसमेत उत्पादन गर्न नसक्ने मुलुकमा ठुला लक्ष्य हासिल गर्न सजिलो छैन।"

बढ्दो कृषि लागत र घट्दो आम्दानीका कारण युवा कृषि पेसाबाट पलायन भइरहेका बेला किसानमैत्री नीति र रोजगारी सिर्जना निर्वाचनमा निर्णायक बन्न सक्ने बर्दीबासका समाजसेवी

# सांस्कृतिक चपेटामा चुनावी प्रचार



**रवीन्द्र उप्रेती**

बर्दिबास, १२ फाल्गुन। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन यतिबेला एकपछि अर्को चाडपर्वका कारण सांस्कृतिक चपेटामा परेको छ। यो बेला एकपछि अर्को धार्मिक तथा सांस्कृतिक पर्व परेकाले उम्मेदवार तथा कार्यकर्ताले पहिलाभैँ मतदाता फेला पार्न नसकेको जनाएका छन्।चाडपर्व र निर्वाचनको संयोगले मतदाता र राजनीतिक दल दुवैलाई व्यवस्थापनमा चुनौती थपेको घटनाक्रमले देखाएका छन्।

निर्वाचनको मुखमा शिवरात्रि र ग्याल्पो ल्होसार सम्पन्न भइसकेका छन् भने मधेश क्षेत्रका बासिन्दा १५ दिने मिथिला परिक्रमा यात्रामा व्यस्त छन्। साथै होली पर्वको तयारी र उत्साहले चुनावी माहोललाई ओझेलमा पारेको छ। मुस्लिम समुदायको पवित्र महिना रमजान पनि सुरु भइसकेकाले रोजाका कारण उनीहरूको सक्रियता तुलनात्मक रूपमा कम देखिएको छ।

यो चुनावमा मिथिला परिक्रमाको लस्कर तथा होलीमा हुने सांस्कृतिक भिडभाड र निर्वाचन आचारसंहिता आपसमा बाझिएकाले पनि निर्वाचन सुरक्षामा खलल पर्ने अनुमान गरिएको छ।

अर्कोतर्फ मतदानका मुखैमा पर्ने अन्तरगृह परिक्रमा र होलीको उमङ्गका कारण मतदाता चुनाव केन्द्रित हुन नसकेको मटिहानी मठका मानमहन्थ रवीन्द्र दाश वैष्णव बताउनुभयो।वैष्णवका अनुसार धनुषाको कचुरीबाट सुरु भएको परिक्रमा भारतको कलना र गिरिजास्थान हुँदै महोत्तरीको मटिहानी आइपुग्छ। त्यसपछि जलेश्वर, मडई, ध्रुवकुण्ड र कञ्चनवनमा एकएक रात बिताउँदै आठौं दिन क्षीरेश्वरनाथ पुग्ने परम्परा छ। नेपाल र भारतका लाखौं श्रद्धालुले करिब १३३ किलोमिटर पैदल यात्रा गर्ने यो धार्मिक परम्परा फागु शुक्ल प्रतिपदादेखि सुरु भई १५ दिनपछि जनकपुर पुगेर होली खेल्दै समापन गरिन्छ। मधेशमा फागुन १९ गते होली पर्व पनि परेको छ।

यसैबिच प्रशासनले निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै फागुन १७ गतेपछि दक्षिणी सीमा नाका सिल गर्ने निर्णय गरेको छ। यसले परिक्रमाका धर्मयात्री र चुनावी व्यवस्थापन दुवैमा असर पर्ने अनुमान गरिएको छ दलहरूले मतदाताको पर्वमय मानसिकतालाई सम्मान गर्दै प्रचारप्रसार समायोजन गर्ने रणनीति अपनाएको बताएका छन्। नेपाली कांग्रेस महोत्तरीका अध्यक्ष नागेश्वर यादवले चाडपर्वको प्रभाव हरेक क्षेत्रमा पर्ने भएकाले निर्वाचन पनि अछुतो नरहने बताउनुभयो। उहाँले भन्नुभयो 'योबेला मतदाताको ध्यान पर्वमा बढी केन्द्रित रहेकोले सोही अनुरूप चुनावी प्रचार समायोजन गरिएको छ।'

त्यस्तै नेकपा एमाले महोत्तरीका निर्वाचन अभियान संयोजक सरोज यादवले आकस्मिक रूपमा घोषणा भएको निर्वाचनप्रति विगतजस्तो उत्साह नदेखिएको उल्लेख गर्दै हिन्दु–मुस्लिम समुदायका प्रमुख पर्व एकसाथ परेकाले चुनावी रौनक शिथिल भएको बताउनुभयो। बर्दीबासका समाजसेवी पोषण थापाका अनुसार चाडपर्व मानव समाजको धरोहर भएकाले यसले जनजीवनका सबै क्षेत्रमा स्वभाविक प्रभाव पारेको हुन्छ। उम्मेदवारले धर्मसंस्कृतिको सम्मान कायम राख्दै चुनावी अभियानलाई निरन्तरता दिनुपर्ने उहाँको सुझाव छ।

मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले निर्वाचन लोकतन्त्रको महापर्व भएको उल्लेख गर्दै निर्वाचन अवधिभर सुरक्षा र आचारसंहितालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो। धर्मसंस्कृति पवित्रता र सभ्यताको प्रतिक भए पनि यसपटक निर्वाचनलाई 'महान पर्व' मानेर आचारसंहिताको परिधिमा रही पर्व मनाउन आग्रह गर्नुभयो।

# दुर्गा प्रसाईंलाई छाड्न सर्वोच्चको आदेश

काठमाडौं, १२ फाल्गुन। सर्वोच्च अदालतले राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट जारी गरेको छ। मंगलबार न्यायाधीश मनोजकुमार शर्मा र न्यायाधीश मेघराज पोखरेलको इजलासले उनलाई थुनामुक्त गर्न आदेश दिएको सूचना अधिकारी एवं उपरजिष्ट्रार निराजन पाण्डेले जानकारी दिए।

यसअघि सोमबार न्यायाधीशहरू नहकुल सुवेदी र मेघराज पोखरेलको इजलासले निर्वाचन आयोगले कारबाही गर्न भनेर प्रहरीलाई पठाएको निर्णयसहितको सक्कल फाइल झिकाउन आदेश दिएको थियो। प्रसाईंले जिल्ला प्रहरी परिसर काठमाडौंलाई विपक्षी बनाएर रिट दायर गरेका थिए। परिसरले सर्वोच्चमा दिएको लिखित जबाफमा आफूहरूले निर्वाचन आयोगले फागुन ४ गते पठाएको पत्र अनुसार पत्राउ गरेको उल्लेख थियो।

'निर्वाचन आयोगको फागुन ३ गतेको पत्रबाट अनुसन्धान गरी कारबाही गर्न लेखी पठाए बमोजिम निवेदक (दुर्गा प्रसाई) लाई पक्राउ गरिएको भन्ने खुल्न आएकोले सो आयोगबाट प्रसाईं उपर अनुसन्धान गरी कारबाही गर्न लेखी पठाउने भनेर गरेको निर्णयसहितको सक्कल फाइल महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाउनू,' सर्वोच्चको आदेशमा भनिएको थियो। निर्वाचन आयोगको पत्रपछि परिसरको टोलीले प्रसाईंलाई फागुन ४ गते पक्राउ गरेको थियो।

# चुनावमा ३ दिन सार्वजनिक बिदा दिने सरकारको निर्णय

काठमाडौं, १२ फाल्गुन। सरकारले आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य चुनावमा तीन दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ। सिंहदरबारमा मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले फागुन २०, २१ र २२ गते सार्वजनिक बिदा दिने निर्णय गरेको सरकारका प्रवक्ता एवम् गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिनुभयो। निर्वाचन आयोगको सिफारिसअनुसार सरकारले तीन दिन बिदा दिने निर्णय गरेको हो। यस्तै सरकारले जेन–जी परिषद् गठन गर्ने भएको छ। मन्त्रीपरिषद बैठकले यो निर्णय गरेको हो। नवयुवा आन्दोलनको बलमा गठन भएको वर्तमान सरकारमाथि उनीहरुको माग सम्बोधनका लागि उपयुक्त निर्णय गर्न नसकेको भन्दै आलोचना हुँदै आएको छ।

यस्तै मन्त्रिपरिषद् बैठकले चीन सरकारले दिने ४० लाख अमेरिकी डलरबराबरको नगद अनुदान स्वीकार गर्ने, बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने, बीमा ऐन २०७९ को दफा १४० बमोजिमको कसुर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई तोक्ने निर्णय गरेको छ।

# दुई दिन देखि हराइरहेका एक युवा मृत अवस्थामा फेला

**विनय कर्ण**

सप्तरी, १२ फाल्गुन। सप्तरीको राजविराज नगरपालिकामा मंगलबार एक युवाको पोखरीमा डुबेर मृत्यु भएको छ। नगरपालिकाको वडा नम्बर ७ घर भएका १८ वर्षीय अङ्गदकुमार मेहतरको पोखरीमा डुबेर मृत्यु भएको हो। परिवारजनका अनुसार दुईदिन अघि आइतबार उहाँ भारतको विहार राज्य अन्तर्गत पर्ने भिमनगर स्थित दिदी कहाँ जान्छु भन्दै घरबाट निस्कनुभएको थियो। मङ्गलबार बिहान ६ बजेतिर सोही वडामा रहेको तुरन्ती पोखरीमा उहाँको शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरीक्षक प्रमोद साहको नेतृत्वमा पुगेको टोलीले गोताखोरको मद्दतले शव बाहिर निकालेपछि मृतकका आफन्तले सनाखत गर्नुभएको थियो।

मृतकका शव पोस्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर



पुरीले जानकारी दिनुभयो। प्रहरीका अनुसार मृतक मेहतर छारेरोगबाट पीडित रहेको खुलेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# काठमाण्डौ मेडिकल कलेजले साम्बाको उपचार निःशुल्क गर्ने



काठमाडौं, १२ फाल्गुन। राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा' को घुँडाको उपचार काठमाण्डौ मेडिकल कलेज (केएमसी) ले निःशुल्क गर्ने जनाएको छ। महँगो उपचार खर्चका कारण समस्यामा परेको भन्दै साम्बाले हिजो सहयोगको अपील गरेपछि केएमसीको प्रशासन प्रमुख नारायणप्रसाद दाहालले उनी नेपालमै उपचार गर्न तयार भए अस्पतालले उपचारसहित सम्पूर्ण खर्च व्यहोर्ने घोषणा गर्नुभएको छ।

कतारको अस्पेटार अस्पतालमा भएको अघिल्लो शल्यक्रियाको ग्राफ्ट र एमसीएलमा गम्भीर समस्यापछि साम्बालाई पुनः शल्यक्रिया गर्नुपर्ने भएको छ। हिजो सामाजिक सञ्जालमार्फत साम्बाले आफ्नो उपचारका लागि झन्डै ८० हजार अमेरिकी डलर खर्च लाग्ने भन्दै सहयोग आह्वान गरेकी थिइन्। अखिल नेपाल फुटबल संघ (एन्फा) ले साम्बाको उपचारका लागि कतार फुटबल संघलाई पत्राचार गरेको बताएको छ।

अस्ट्रेलियन ए लिग फुटबल खेल्ने क्रममा डेढ महिनाअघि साम्बाको घुँडामा चोट लागेको थियो। वेलिङ्गटन फिनिक्समा आबद्ध उनी ब्रिस्बेन रोअरसँगको खेलका क्रममा विपक्षी टोलीकी गोलकिपरसँग ठोक्किन पुगेकी थिइन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)